६. गण्डकी प्रदेश स्तरीय प्रदर्शनी पोखरामा प्रदर्शनिका लागि छनोट भएका स्टार्टअप व्यवसाय र व्यवसायीहरू


| क्र.सं. | आवेदकको नाम | ठेगाना | व्यवसाय/उद्यमको नाम |
|---|---|---|---|
| १ | अनिता रानाभाट | पोखरा मनपा ९ नयाँबजार, | Move In Nepal Private Limited |
| २ | अभिषेक बराल | पोखरा, मनपा कास्की | Fully Charged Nepal Enterprise |
| ३ | अर्जुन भण्डारी | पोखरा मनपा -२९ , कास्की | Mapasey Enterprises Private Limited |
| ४ | उशा गिरी पौडेल | पोखरा मनपा -२९ , कास्की | Sarvanguna Kitchen |
| ५ | जमुना देवकोटा | अन्नपूर्ण -६ लुम्ले कास्की | Palash Fashion |
| ६ | दिपेश भुजेल | रुपा गापा – ७ कास्की | Seven Wonders Water Park and Resort |
| ७ | धुर्ब त्रिपाठी | पोखरा मनपा -२५, कास्की | ए. डि. गार्मेन्ट्स प्राइभेट लिमिटेड |
| ८ | नवराज पोखरेल | पोखरा मनपा - २१, व्यासी कास्की | Bayelii coffee Farm and roastry |
| ९ | पम्फा देवकोटा | फुजेल - ५ गोरखा | Deep Icecream Udhyog |
| १० | भुवन वसौला | रुपा गापा – ५ कास्की | Route Radar |
| ११ | लिला वास्ताकोटी भट्टराई | पोखरा मनपा – ५ कास्की | Sanskar Fiber Udhyog |
| १२ | विजय कुमाल | पोखरा मनपा, कास्की | Lumino Technology Pvt. Ltd. |
| १३ | शान्ति अधिकारी | पोखरा मनपा –२४ कास्की | पोखरेली सिसाकलम उद्योग |
| १४ | सन्देश पराजुली | पोखरा मनपा–४ विपि चोक कास्की | Technical Engineering Consultancy |
| १५ | साकार पोखरेल | फेदिखोला – १ स्याङ्जा , | पोख्रेल गार्मेन्ट उद्योग |

७. प्रदर्शनी सञ्चालन मिति, समय र स्थान

मिति: २०८२ माघ २८ गते बुधबार

समय: विहान ९: ०० देखि ५:०० बजेसम्म

स्थान: ताजमहल इभेन्ट सेन्टर, प्रस्याङ
पोखरा महानगरपालिका – ५, कास्की




"समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा"

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी भक्तपुर



# युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी, २०८२

## गण्डकी प्रदेश, पोखरा

२०८२ माघ २८

फोन नं.: ०१-६६३८१५२, ६६३५१३३/६६३५८३५
फ्याक्स नं: +९७७-६६३०१९३
वेभसाइट: www.nyc.gov. np,
इमेल: info@nyc.gov.np
नोटिसबोर्ड सेवा: १६१८०१६६३५८३५

## परिचय

राष्ट्रिय युवा परिषद ऐन, २०७२ अनुसार १६-४० वर्ष उमेर समुहका जनसङ्ख्यालाई युवा भनिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार ४२.५६ प्रतिशत युवा जनसङ्ख्यासहित नेपाल अहिले उच्च जनसाङ्ख्यिक लाभांशको अवस्थामा रहेकोछ । नेपाली युवालाई सवल प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै राज्यका हरेक अङ्गमा सार्थक सहभागिता सुनिश्चित गरी आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ राष्ट्रिय युवा परिषदको स्थापना भएको हो । सानोठिमी, भक्तपुरमा केन्द्रीय कार्यालय रहेको यस परिषदले नेपाल सरकारबाट स्वीकृत युवा लक्षित कार्यक्रमको कार्यान्वयन गर्दछ । यसका साथै अन्य सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालित युवा लक्षित कार्यक्रमहरुमा समन्वय, सहकार्य र सहजीकरण गर्नुका साथै परिषदले युवा लक्षित नीति तथा कार्यक्रम तर्जुमा गर्ने, नेतृत्व र क्षमता विकास गर्ने, सीपमूलक तालिम र उद्यमशीलता प्रवर्द्धन गर्नेदेखि अन्य विविध अवसरहरुमा युवाको सहभागिता बढाउने जस्ता कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ ।

## युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी

"स्टार्टअप व्यवसाय/उद्यम" भन्नाले कुनै फर्म वा कम्पनीले कुनै वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवम् सिर्जनशील सोचको प्रयोग गरी व्यवसायको रूपमा सञ्चालन भएका र स्तरोन्नतिको सम्भावना रहेका उद्यमलाई सम्झनु पर्छ । यो शब्दावलीले सूचना प्रविधिको उपयोग एवम् सिर्जनशील सोचको प्रयोग भएको उद्यम वा व्यवसाय समेतलाई जनाउँछ । युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसायको प्रवर्द्धन, रोजगारीको सिर्जना, सीपमूलक कार्यमा लाग्ने उत्साह जस्ता कार्यलाई प्रोत्साहन गर्न, व्यवसायिक उत्पादनलाई प्रदर्शनीका माध्यमले प्रचारप्रसार गरी व्यवसायिक उत्पादनलाई बजारीकरणको लागि सहयोग गर्ने र उत्पादनमूलक कार्यमा उत्प्रेरित गर्नका लागि परिषद्को आ.व.२०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको छ । युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी कार्यलाई सरल, सहज, पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले परिषद्को वार्षिक कार्यक्रम कार्यन्वयन पुस्तिका आ.व. २०८२/०८३ को बुँदा नं. २.५ बमोजिम **युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी कार्यढाँचा, २०८२** राष्ट्रिय युवा परिषदबाट स्वीकृत भएको छ । यो कार्यढाँचाका आधारमा मुलुकका सात वटै प्रदेशमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी आयोजना भैरहेको छ । सूचना प्रविधी तथा स्टार्टअप व्यवसायमा संलग्न भएका युवाहरूबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसायको प्रदर्शनी कार्यलाई प्रभावकारी बनाउन तीनै तहका सरकार, उद्योग वाणिज्य महासंघ तथा विकास साझेदार लगायत सम्बन्धित संघ संस्थासँगको समन्वय र सहयोग हुनसक्ने व्यवस्था गरिएको छ ।

## प्रदर्शनीको उद्देश्य

यस प्रदर्शनीको आयोजनाबाट देहायको अपेक्षा गरिएको छ :

१. युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने

२. युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसायको उपलब्धि जनस्तरमा पुऱ्याउने

३. मुलुकको समृद्धिका लागि स्टार्टअप व्यवसाय/उद्यमप्रति आकर्षण बढाउने ।

## प्रदर्शनीमा सहभागी हुन निर्धारित आधार

देहायका योग्यता पुगेका सूचना प्रविधि तथा स्टार्टअप व्यवसायी प्रदर्शनीमा सहभागी हुन योग्य मानिनेछः-

(क) उद्योग/व्यवसाय सञ्चालन गरेको १० वर्ष ननाघेको,

(ख) सूचना प्रविधि तथा स्टार्टअपको क्षेत्रमा रोजगारी सृजना गरेको,

(ग) श्रम सम्बन्धी प्रचलित कानूनहरूको पालना गरेको र लैङ्गिक मैत्री वातावरण कायम गराएको,

(घ) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सहयोग पुऱ्याएको,

(ङ) आवेदन दिने अन्तिम मितिसम्म व्यवसयीको उमेर १६ वर्ष पूरा भई ४० वर्ष ननाघेको,

(च) प्रचलित कानून वमोजिम योग्य रहेको भनी सम्बन्धित व्यवसायी/उद्योगीले स्वघोषणा पत्र पेश गरेको ।

## प्रदर्शनी सञ्चालनको निर्धारित ढाँचा

१. **प्रदर्शनीको तयारीः** प्रदेशगत रूपमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसायहरूको प्रदर्शनी कार्यक्रम तय गर्न राष्ट्रिय युवा परिषद्का प्रतिनिधि, प्रदेश, स्थानीय तह, उद्योग वाणिज्य महासंघ र युवा उद्यमीसँग छलफल/अन्तर्क्रिया गरिनेछ ।

२. **सूचना प्रकाशनः** परिषद्को कार्यालयले प्रत्येक प्रदेशमा आयोजना गर्ने प्रदर्शनीका लागि राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा ७ (सात) दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ । सो सूचना राष्ट्रिय युवा परिषद्, प्रदेशको युवा मामिला हेर्ने मन्त्रालय, प्रदेश युवा परिषद् र स्थानीय तहको वेवसाइटमा समेत राख्न सकिनेछ ।

३. **आवेदन पेश गर्नेः** प्रदर्शनीमा भाग लिन चाहने व्यवसायीले दफा ४ बमोजिमको सूचनामा निर्धारित अवधिभित्र अनुसूची -१ बमोजिमको ढाँचामा यस परिषद्मा आवेदन पेश गर्नुपर्नेछ ।

४. **छनौट समितिः** यस प्रदर्शनीलाई व्यवस्थित, निष्पक्ष र पारदर्शी रूपमा सञ्चालन गर्न राष्ट्रिय युवा परिषद्का प्रशासकीय प्रमुखको नेतृत्वमा एक छनौट समिति गठन गर्ने व्यवस्था रहेको छ ।

५. **प्रोत्साहन प्रदान गरिने :** प्रदर्शनीका लागि १५ वटा व्यवसायलाई १०/१० हजारका दरले व्यवस्थापन रकम उपलब्ध गराइने छ । साथै तोकिएका सूचकका आधारमा राष्ट्रिय युवा परिषद्का युवा विकास तथा उद्यम प्रवर्धन शाखा प्रमुखको संयोजकत्वमा रहेको मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी उत्कृष्ट भएका प्रथम, द्वितीय, तृतीय र सान्त्वना २ वटालाई क्रमशः ४० हजार ३० हजार २० हजार प्रोत्साहन रकम र सम्मानपत्र प्रदान गरिनेछ ।